आज मिति २०८० साल बैशाख २५ गते बिहान ११: ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को तेह्रौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | — |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | रनविर बुढा | प्रशासन शाखा प्रमुख | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | कार्यालय सहयोगी | |

मणिराम बुढाथोकी

## तेह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) नीति तथा कार्यक्रम माथि छलफल सम्बन्धमा ।
२) दर्ता तथा जलश्रोत उपयोग, अनुमती प्रमाण-पत्र प्रदान सम्बन्धमा ।
३) कार्यविधि स्वीकृत सम्बन्धमा ।
४) सुरक्षित नागरीक आवास कार्यक्रम सम्बन्धमा ।
५) नक्सा पास सम्बन्धमा ।
६) विविध छलफल सम्बन्धमा।

## २०८० बैशाख २५ गते बसेको तेह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | नीति तथा कार्यक्रम माथि छलफल सम्बन्धमा । | आगामी आ.व.को लागि पेश हुने नीति तथा कार्यक्रम माथि छलफल गर्न आवश्यक रहेको । | आगामी गाउँ सभामा पेश हुने नीति तथा कार्यक्रमहरु माथि छलफलमा आएका सुझाव तथा कार्यक्रमहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | दर्ता तथा जलश्रोत उपयोग, अनुमती प्रमाण-पत्र प्रदान सम्बन्धमा । | दर्ता तथा जलश्रोत उपयोग अनुमति प्रमाण-पत्र प्रदान गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको स्थानीय गाउँजलश्रोत समितिको मिति २०८०/०१/२४ गतेको निर्णय तथा सिफारिस अनुसार जलश्रोत उपयोग अनुमति प्रमाणपत्र उपलवब्ध गराउन सिफारिस गरिएका तपसिलका जल उपभोक्ता समितिलाई दर्ता तथा जलश्रोत उपयोग अनुमति प्रमाण-पत्र प्रदान गर्न आवश्यक देखिएकोले सोही अनुसारका जलश्रोत उपभोक्ता समितिलाई प्रमाण-पत्र उपलब्ध गराउने ।<br>तपसिल<br>१) खारा खोला, खन्नेचौर, दाइवाङ खा.पा. उ.स.<br>२) तेबाङ १-९ खानेपानि तथा सरसफाई उपभोक्ता समिति | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | कार्यविधि स्वीकृत सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक रहेको कार्यविधिहरु स्वीकृत गरि कार्यान्वयन गर्नुपर्ने । | कानुन मस्यौदा कार्यदलबाट छलफल भई स्वीकृतका लागि गाउँ कार्यपालिका बैठकमा पेश भएका "सुनिलस्मृति गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि, २०८०" र "लैङ्गिक हिंसा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८०" स्वीकृति गरी तत्काल राजपत्रमा प्रकाशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | सुरक्षित नागरीक आवास कार्यक्रम सम्बन्धमा । | सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गर्नुपर्ने । | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत चालु आ.व.मा पराल तथा खरको छाना भएको परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी प्राप्त रु ७,००,०००।– (अक्षरुपी सात लाख मात्र)लाई वडा नं. ७ र ८ का ७/७ घरधुरीहरु सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि २०७६ को दफा ४ बमोजिम छनौट गरी "सुरक्षित नागरिक आवास समन्वय समित" मा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | नक्सा पास सम्बन्धमा । | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाले यस पालिकामा निर्माण गर्न लागेको कृषि तथा पशुपन्छी सेवा केन्द्रको जग्गा नापजाँच गर्दा भवनको नक्सापास गर्न आवश्यक रहेको । | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर कार्यालय बुटवलको च.नं. १४०, मिति २०७९/१२/०७ को प्राप्त पत्रानुसार उक्त आयोजनाले यस पालिकामा निर्माण गर्न लागेको कृषि तथा पशुपन्छी सेवा केन्द्रको डिजाइन/ड्रइङ अनुसारको नक्सा पास गरी पठाउने सम्बन्धमा अनुरोध भई आएकोमा उक्त भवन निर्माण हुने स्थल सुनिलस्मृति गाउँपालिका वडा नं. ४ सेवा केन्द्रको जग्गा नापजाँच गर्दा भवनले सुलिचौर लिबाङ सडकको Right of way भित्रको केही भाग मिचिने देखिएकोले त्यसबाट सिर्जित कानूनी समस्यालाई गाउँ कार्यपालिकाले समन्वयात्मक र कुटनीतिक ढङ्गले समाधान गर्ने र हाललाई उक्त भवनको नक्सापास गर्न नक्सा पास शाखालाई निर्देशानात्मक मार्ग प्रशस्त गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) योजना तथा कार्यक्रम रोक्का गर्ने सम्बन्धमा । | क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानिकरण र राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम कटौती हुने भएकाले यस गाउँपालिकाबाट तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरुको हकमा संझौता हुन बाँकी र संझौता भई कार्यान्वयन नभएका योजना तथा कार्यक्रमहरुलाई रोक्का गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष